वर्ष : १ अंक: ३१

# कृषि-मौसम सल्लाह सेवा बुलेटिन

जारी मिति : *२९ माघ २०७२*

अवधी : *२९ माघ २०७२ - ०६ फाल्गुन २०७२*

जिल्ला : बाँके

(जारी गर्ने:PPCR/BRCH/AMIS project, MOAD; AERD, NARC and Agro-met Section/MFD, DHM)

## नेपालगञ्ज एयरपोर्ट,बाँकेको मौसमी तथ्यांक

### गत हप्ता २१ माघ २०७२ मा अन्त्य भएको मौसमी अवस्था

| मौसमी विवरण | गत हप्ता (१५ माघ २०७२ देखि २१ माघ २०७२ सम्म) |
|---|---|
| कुल वर्षा (मि.मी.) | ०.० |
| अधिकतम तापक्रम ($^0$सेन्टीग्रेड)को दायरा | २२.१ - २५.५ |
| न्यूनतम तापक्रम ($^0$सेन्टीग्रेड)को दायरा | ३.५ - ८.८ |
| अधिकतम सापेक्षिक आर्द्रता (%) को दायरा | ९७.४ - १०० |
| न्यूनतम सापेक्षिक आर्द्रता (%) को दायरा | ३४.१ - ६३.९ |
| हावाको गति (मि/से ) को दायरा | २.२५ - ४.७५ |
| हावाको दिशाको दायरा | दक्षिण-पुर्व |

### २२ माघ २०७२ देखि २८ माघ २०७२ सम्मको मौसमी विवरण

| विवरण | दिन (०५ फेब्रुअरी २०१६ – ११ फेब्रुअरी २०१६) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २२/१०/०७२ | २३/१०/०७२ | २४/१०/०७२ | २५/१०/०७२ | २६/१०/०७२ | २७/१०/०७२ | २८/१०/०७२ |
| वर्षा (मि.मी.) | ०.० | ०.० | ०.० | १.१ | ०.० | ०.० | ०.० |
| अधिकतम तापक्रम (°सेन्टीग्रेड) | २५.२ | २४.३ | २५.९ | २६.३ | २६.५ | २६.४ | २६.५ |
| न्यूनतम तापक्रम (°सेन्टीग्रेड) | ६.६ | ९.० | १०.२ | १३.५ | ९.६ | ८.६ | ९.६ |
| अधिकतम सापेक्षिक आर्द्रता (%) | ९७.४ | ९६.६ | ९७.७ | ९९.० | ९८.८ | ९८.८ | ९७.६ |
| न्यूनतम सापेक्षिक आर्द्रता (%) | ४४.० | ५८.१ | ५८.७ | ४७.६ | ४५.० | ४८.६ | ४२.८ |
| हावाको औसत गति(मि/से) | ३.७५ | १.७५ | ७.७५ | ४.५ | ३.५ | १.२५ | ३.३ |
| औसत हावाको दिशा | दक्षिण-पश्चिम | पुर्व | दक्षिण | पश्चिम | दक्षिण-पश्चिम | दक्षिण-पुर्व | दक्षिण-पश्चिम |

# कृषि-सल्लाह

## क. मौसमी विश्लेषण

### गत हप्ताको समग्र मौसमी विश्लेषण

गत हप्ताको शुरुवातमा पश्चिमी वायुका कारण बदली रह्यो र १३.७ मिलिमिटर सम्म बर्षा भयो। बर्षा पछि बिहान हुस्सु लाग्ने र दिउँसो तुँवालो लाग्ने क्रम साताको मध्य सम्म रह्यो। साताको अन्त्य तिर मौसम सामान्यतया सफा रह्यो। दिउँसोको तापक्रममा साताको शुरुवातमा सामान्य गिरावट आएपनि पछि सुधार आयो र अधिकतम तापक्रम लगभग स्थिर रह्यो।

### आउँदो हप्ताको मौसमी अवस्था

आगामी हप्ताको मौसम सामान्यतया सफा रहनेछ। साताको उत्तरार्धमा भने पश्चिमी वायुका कारण आशिंक बदली रहनेछ तर बर्षाको सम्भावना न्युन रहनेछ। आंशिक बदली का कारण साताको अन्तमा अधिकतम तापक्रममा केही गिरावट आउनेछ। साताको मध्यबाट बिहानीपख हुस्सुको प्रभाव रहनेछ र अधिकतम तापक्रम केही बढ्नेछ। औसत आर्द्रता ५०% भन्दा माथि रहनेछ।

## ख. बालीनाली

१. मकै (हिउँदे) बाली :- मकै रोपेको ४०-४५ दिन पछि सिँचाई गरि २.१ के.जी. युरिया मल प्रति कठ्ठाका दरले टपड्रेस गर्नु उपयुक्त हुन्छ ।

### २. गहुँ

- गहुँ खेती बाट राम्रो उत्पादन लिनको लागि सिंचाइ सुबिधाको उपलब्धता हेरी १-५ पटक सम्म सिंचाई गर्नु पर्दछ।

| सिंचाइ सुबिधाको उपलब्धता | गँहु बाली को अवस्था | | | | |
|---|---|---|---|---|---|
| | छरेको २१-२५ दिन | ३५ दिन | ५०-५५ दिन | बाला लाग्नु अघि | दुध पस्ने बेलामा (Milking Stage) |
| १ पटक मात्र भएमा | ✓ | | | | |
| २ पटक मात्र भएमा | ✓ | | | ✓ | |
| ३ पटक मात्र भएमा | ✓ | | | ✓ | ✓ |
| ४ पटक मात्र भएमा | ✓ | ✓ | | ✓ | ✓ |
| ५ पटक सम्म भएमा | ✓ | ✓ | ✓ | ✓ | ✓ |

### ३. मुसुरो

- हिउँदे वर्षा पछि सापेक्षिक आर्द्रता ८५% भन्दा बढी, २४ घण्टा सम्म मसुरो बालीका पातहरु चिसो भइरहेमा र ८ घण्टा सम्म १०° सेल्सियस भन्दा कम तापक्रम भई रहेको खण्डमा मसुरो बालीमा *स्टिमफाइलम* डढुवा रोग आउन सक्छ। त्यसकारण बालीलाई यो रोग बाट बचाउन समयमा नै ढुसीनासक विषादी *मेन्कोजेव* २ ग्राम प्रति लिटर पानीमा मिसाई ७-१० दिनको फरकमा छर्नु उपयुक्त हुन्छ।

- बोट ओईलाउने रोगको रोकथामको लागि २ ग्राम *वेभिष्टिन* वा *डेरोसाल (कार्बेन्डाजिम)* प्रति लिटर पानीमा घोलेर मुसुरोको बोट भिज्ने गरि छर्कनु उपयुक्त हुन्छ।
- मुसुरोको फेद काट्ने कीराको ब्यबस्थापनको लागि *क्लोरपाइरिफस* २ एम.एल. प्रति लिटर पानीमा मिसाई सांझपख छर्नुपर्दछ। साथै कांचो मल प्रयोग गर्नुहुदैन र उचित सिंचाईको ब्यबस्था गर्नुपर्दछ।

## ४. अरहर

- कोसामा लाग्ने गवारो (*पड बोरर* ) कीरा व्यवस्थापनको लागी १० ग्राम भेली प्रति लिटर पानीमा मिसाई बनाएको घोलमा HaNPV (*हेली एन. पि. भी* ) २५० LE को १.५ मि.लि हालेर साँझको समयमा स्प्रे गर्नुपर्दछ, **अथवा**

  *व्याक्टेरिया* जन्य (*बी.टी* ) Bt (*डाई पेल, बायो लेप* ) ३ ग्राम प्रति लिटर पानीमा मिसाएर साँझको समयमा स्प्रे गर्नुपर्दछ, **अथवा**

  *क्लोरानट्रानिलिप्रोल (कोराजेन)* १८.५ *इ.सि.* ०.४ मि.लि. प्रति लिटर पानीमा मिसाई बोट भिज्ने गरी स्प्रे गर्नुपर्दछ।

## ५. फलफूल बाली

- सबै जातका फलफूलमा सबै प्रकारका प्रांगारिक तथा रासायनिक मलखादको सिफारिस मात्रा दिने उपयुक्त समय यही हो। मलखाद मुल काण्डबाट कम्तीमा पनि २ *फीट* टाढा हुने गरी कुलेसो बनाई राखी माटोले पुरी सिँचाई गर्नु पर्दछ। सिँचाईको सुविधा नभएका कृषकहरुले मलखाद राखी सकेपछि खर, पराल, पात पतिङ्गर, सुकेको वस्तुहरुको छापो दिनु उपयुक्त हुन्छ।
- कागतीमा क्याङ्कर रोग लागेको भए *बोर्डो मिक्स्चर* १% (१लिटर पानिमा १० ग्राम चुन र १० ग्राम निलोतुथो मिसाएर बनाएको घोल) छर्नु पर्दछ।
- कागतीको हाँगा बिँगामा चोप निस्कने समस्या देखा परेको छ भने लाग्ने चक्कुले चोप सहितको बोक्रा राम्रोसँग खुर्केर *बोर्डोपेष्ट* वा *रेडो मायल* को पेष्ट बनाएर लगाउनु पर्दछ।
- यस वर्ष केरा खेती सुरु गर्नु भएका कृषकहरुको बगैंचामा *ब्याक्टेरिया*बाट टुप्पो मर्ने रोग व्यापक रुपमा फैलिएको पाइएकोले उक्त *ब्याक्टेरिया*बाट जोगाउन १% *बोर्डो मिश्रण*को घोल (१लिटर पानीमा १० ग्राम चुन र १० ग्राम निलोतुथो मिसाएर बनाएको घोल) टुप्पो भिज्ने गरि छर्नु पर्दछ।
- सिँचाइको सुबिधा भएका जमिनमा व्यवसायिक केरा खेती गर्ने कृषकहरुले केरा लगाउन यस समयमा जग्गाको तयारी गर्नु उपयुक्त हुन्छ।
- केराको गुभो सुक्ने समस्याको ब्यवस्थापनको लागि *साफ* २ ग्राम प्रति लिटर पानीमा मिसाई प्रत्येक ७-१० दिनको फरकमा ३-४ पटक छर्नु पर्दछ । यसो गर्दा पनि नियन्त्रण नभएमा कृषि विकास कार्यालयमा सम्पर्क गर्नुपर्दछ।
- लिची बाली लगाउनु भएका कृषकहरुले यसै हप्ता देखि फागुनको अन्तिम हप्तासम्म *एयर लेयरिङ्ग* गरी विरूवा प्रसारण गर्नु पर्दछ।

६. आलु

आलु भण्डारण विधिः- आलुलाई अँध्यारो, सुख्खा र चिसो (छोटो समयको लागि १०° सेल्सियस भन्दा कम र लामो समयको लागि तथा वीउ भण्डारणको लागि २-४° सेल्सियस तापक्रममा) ठाउँमा काठका बाकस, प्लाष्टिकका क्रेट या -याकमा फिंजाएर ३ तहसम्म मिलाएर राख्नुपर्छ । यसरी राख्दा दुई तहको बीचमा पत्रिका ओछ्याएर राख्नुपर्छ। लामो समयसम्म भण्डारण गर्नुपर्ने आलुलाई अँध्यारो, सुख्खा र चिसो कोठामा १०-१५° सेल्सियस तापक्रममा २ हप्तासम्म नचलाईकन राख्नाले बोक्रा बाक्लिन्छ र दानामा रहेको धूलो पनि सुक्छ, त्यसपछि धूलो सफा गरेर माथि भनिएझैं गरी भण्डारण गर्नुपर्छ । रोगकीराले क्षति नपुर्याएका, चोटपटक नलागेका दाना भण्डारण गर्नुपर्छ तर यस्ता दानालाई फ्रिजमा र डिपफ्रिजमा, अन्य फलफूलको नजिक भण्डारण गर्नु हुँदैन र भण्डारण गर्नु ठीक अघि पानीले पखाल्नु पनि हुँदैन।

तरकारी बालीहरु

- गोलभैँडाको डढुवा व्यवस्थापनको लागि डढुवाको प्रकोप आँकलन गर्न फिल्ड निरिक्षण गर्नुपर्दछ। यदि डढुवाको प्रकोप कम छ भने *मेन्कोजेब ७५% डब्लु.पि २.५* ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्नुपर्दछ। यदि डढुवाको प्रकोप बढि नै छ भने *क्रिलाक्सिल एम.जेड.* ७२% *डब्लु.पि.* को धुलो २ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्नुपर्दछ।
- काउली, बन्दा लगाएको ४५-५० दिन भईसकेको भएमा ७-१०ग्राम *यूरिया* (१ चम्चा) प्रत्येक बोटको वरिपरि घेरा बनाई राखी पुर्नुपर्दछ। यसरी दोश्रो *टपड्रेस* गरिसकेपछि सिँचाइ गर्नुपर्दछ।
- हिउँदे तरकारी बालीको जरा कुहिने रोगको व्यवस्थापन गर्न *कार्बोनडाइजिम (बेभिष्टिन)* ५०% डब्लु.पि. को १ ग्राम प्रति लिटर पानीमा घोली *स्प्रेयर* बाट फेद भिज्ने गरी छर्नुपर्दछ ।
- खुर्सानीको फल लागिसकेको अवस्थामा पात तथा फलमा लाग्ने थोप्ले रोग (*सर्कोस्पोरा र एन्थ्राक्नोज* रोग) लाग्न सक्ने हुनाले *बेभिष्टिन* ५०% *डब्लु. पि.* को २ ग्राम प्रति लिटर पानीमा घोली पात तथा फल भिज्ने गरी छर्नु पर्दछ।
- फल दिने बाली गोलभैंडा, भण्टा, खुर्सानी र भैंडे खुर्सानी लाई अरु बाली भन्दा अलि बढि खाद्यतत्वको आबश्यक्ता हुने भएकोले पहिलो बाली टिपिएको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटको दरले टपड्रेस गर्नुपर्दछ। यस्तै गरि सुक्ष्म खाद्य तत्व जस्तै *मल्टिप्लेक्स / ट्रिप्लेक्स / एग्रोमिन* लाई २ एम् एल् प्रति लिटर पानीमा घोलेर बोटमा स्प्रे गर्नुपर्दछ।

अन्य

- सापेक्षिक आर्द्रता घटबढ भइरहने हुनाले घरमा भण्डारण गरिएको खाद्यान्न तथा वीउहरुलाई रोग तथा कीराबाट बचाउन समय-समयमा हेरचाह गर्नु उपयुक्त हुन्छ।
- खेतबारीमा देखिने सबै कीराहरु हानिकारक हुदैनन्। तसर्थ कीरा देखिने बित्तिकै विषादीको प्रयोग नगरौं । मित्रजीव कीराहरु जस्तै माकुरा, गाइने कीरा, सात थोप्ले खपटे कीरा, बारुला, नमस्ते कीरा (*प्रेइङ्ग मेन्टीड*) देखिएमा तिनिहरुको संरक्षण र सम्बर्धन गरौं ।
- मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नुपर्दछ।

## ग. बाली संरक्षण

१. लाही (*एफीड*)

- १ भाग गाईको गहुँत र ४ भाग पानी मिसाएर रातभरी राखेर लाही लागेको ठाँउमा भिज्ने गरी भोलीपल्ट छर्कनु राम्रो हुन्छ।
- *मालाथियन* ५० इ.सी., २ मि.लि. प्रति लिटरको दरले पानीमा मिसाई लाही लागेको ठाँउमा भिज्ने गरी छर्कनु उपयुक्त हुन्छ।
- नयाँ पालुवामा लाही, *लिफ माईनर,* सुलसुले लाग्ने भएमा *सबई* वा *एट्सो तेल* १५ मि.लि. प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा छर्नु उपयुक्त हुन्छ।

## घ. पशुपालन

- कुखुरामा बिफर रोग लाग्न नदिन ६ देखि ८ हप्ताका कुखुरालाई पखेटाको भित्री भागमा तयार पारेको खोपमा चोबलेर सियोले ३-४ पटक खोप दिनु पर्दछ।
- कुखुराको *सि. आर. डि. / निमोनिया*को लागि *टाइलोसिन टार्टरेट* नामक औषधी *भेटेरिनरियन /* अनुभवी प्राविधिकको सल्लाहमा सफा पानीमा घुलेर ४-५ दिनसम्म खान दिनु पर्दछ।
- *पि.पि.आर* रोग लाग्न नदिन ३ महिना भन्दा माथिका भेडा-बाख्रामा सो रोगको भ्याक्सिन लगाउनु उपयुक्त हुन्छ।
- माछा पोखरीमा घुलित अक्सिजनको मात्रा बढाउन हावा यन्त्र (*एरेटर*) को प्रयोग गर्ने ।
- गाई, भैँसी तथा सुँगुरहरुमा खोरेत रोग लाग्न नदिन पशु सेवा कार्यालयको समन्वयमा सो रोगको *भ्याक्सिन* ६-६ महिनामा लगाउनु उपयुक्त हुन्छ।
- माछा पोखरीमा तापक्रम कम रहेकोले भुमिगत पानी (*बोरिङ्ग* वा *ट्युब वेल* ) ले पोखरीको पानीलाई विस्थापित गर्नु उपयुक्त हुन्छ । साथै माछालाई धेरै नचलाउन उपयुक्त हुन्छ।

घाँसेबाली

- जै / बर्सिम घाँसको प्रत्येक कटाई पश्चात् *१.२ के. जी.* युरिया प्रति कठ्ठाको दरले *टप ड्रेसिङ* गरि सिंचाइ गर्नु उपयुक्त हुन्छ।

~§§§§§§§§§§§§§§§§§§§~